महाराजगंज नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

महाराजगंज, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः ०८१/०८२
चलानी नंः

मितिः २०८१/०९/१६

**स्नातक तह प्राविधिक धार तर्फको सूचना प्रविधि अध्ययन छात्रवृत्तिको लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना।**

स्नातक तह (प्राविधिक) धार तर्फको उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले महाराजगंज नगरपालिकाको शिक्षा निशर्त तर्फको स्वीकृत वार्षिक कार्यक्रम सूचना प्रविधि अध्ययन छात्रवृत्ति वितरण कार्यक्रम (कोटा संख्या ०६) कार्यान्वयनका लागि नगर कार्यपालिकाबाट स्वीकृत स्नातक तह (प्राविधिक तथा साधारण) धार अध्ययन सहयोग छात्रवृत्ति कार्यान्वयन कार्यविधि,२०७९ मा उल्लिखित व्यवस्था बमोजिम छात्रवृत्ती प्राप्त गर्नको लागि महाराजगंज नगरपालिकामा स्थायी ठेगाना रहि हाल नेपालको शैक्षिक संस्थाहरुमा प्राविधिक धार तर्फको उच्च शिक्षा (स्नातक तह वा सो सरहको वार्षिक/सेमेष्ट्रर प्रणाली) को सूचना तथा सञ्चार प्रविधि विषयमा अध्ययनरत ईच्छुक विद्यार्थीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र देहाय बमोजिमका कागजातसहित यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा आवेदन पेस गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

देहायः

- स्नातक तह (प्राविधिक तथा साधारण) धार अध्ययन सहयोग छात्रवृत्ति कार्यान्वयन कार्यविधि,२०७९ को अनुसूची-२ बमोजिमको निवेदन ।
- नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- माध्यमिक तह (कक्षा १० र १२) को अन्तिम परीक्षाको ग्रेडसिट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- माध्यमिक तह (कक्षा १० र १२) को अन्तिम परीक्षा उत्तीर्ण गरेको विद्यालयको सिफारिस पत्र ।
- स्नातक तह (प्राविधिक तथा साधारण) धार अध्ययन सहयोग छात्रवृत्ति कार्यान्वयन कार्यविधि,२०७९ को अनुसूची ३ बमोजिमको आवेदन गरेको वर्षमा स्नातक तहको प्राविधिक धार तर्फको सूचना तथा सञ्चार प्रविधि संकाय तर्फ नियमित रुपमा अध्ययनरत रहेको प्रमाण खुल्ने सम्बन्धित शैक्षिक संस्थाको सिफारिस पत्र ।(अध्ययनरत शिक्षण संस्थामा कम्तिमा ८० प्रतिशत हाजिर भएको वेहोरा प्रमाणित कागजात)
- सम्बन्धित शैक्षिक संस्थाद्वारा लिइएको प्रवेश परीक्षाको योग्यताक्रमको सूची।
- विद्यार्थी परिचयपत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयबाट प्रमाणित गरिएको आवेदकको पारिवारिक अवस्था तथा परिवारको प्रमुख आयस्रोत खुल्ने सक्कल सिफारिस पत्र।
- आमा वा बुवा वा दुवै नभएको भए सम्बन्धित वडाबाट आमा वा बुवा वा दुवै नभएको भनि प्रमाणित गरिएको सक्कलै सिफारिस पत्र ।
- कुनै पनि सरकारी वा गैर सरकारी निकायबाट छात्रवृत्ति प्राप्त नगरेको भनी स्वःघोषणा पत्र ।

**पुनश्चः** स्नातक तह (प्राविधिक तथा साधारण) धार अध्ययन सहयोग छात्रवृत्ति कार्यान्वयन कार्यविधि,२०७९ यस कार्यालयको वेभसाइट www.maharajgunjmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner